**ALL INDIA RADIO GANGTOK**
**NEPALI NEWS BULLETINS**

**BROADCAST 18.40HRS** **DATE 05.10.2023**

## सिएम हाई लेवल मिटिङ

राज्यको वर्तमान स्थिति र प्राकृतिक आपदाले पुर्याएको क्षतिको लेखाजोखा गर्न गान्तोकमा आज एउटा उच्च स्तरीय बैठक बस्यो। मुख्यमन्त्री श्री प्रेमसिंह तामङले अध्यक्षता गर्नु भएको बैठकमा मुख्य सचिव श्री वियज भूषण पाठक र सम्वन्धित विभागहरूका अधिकारीगण उपस्थित थिए। यसमा मुख्य सचिवले श्री तामङलाई पिढ़ीत व्यक्तिहरूलाई राहत तथा पुर्नवासका लागि भारतीय सेना र सम्वन्धित एजेन्सीहरूसित मिलेर राज्य सरकारद्वारा चालिएका पाइलाहरूबारे अवगत गराउनुभयो। उहाँले सिक्किमको स्थितिबारे चर्चा गर्न क्याबिनेट सचिव र अन्य सचिवहरूसित होजो बसेको राष्ट्रिय संङ्कट प्रबन्धन समितिको बैठकमा छलफल गरिएका विषयहरूबारे पनि जानकारी दिनुभयो।

मुख्यमन्त्रीले घटनाको विस्तृत अध्ययन गर्न र भविष्यका लागि ठोस योजना तयार पार्न विषय विशेषज्ञ, वैज्ञानिकहरू, पर्यावरणविद्, पन बिजुली विशेषज्ञ, अभियन्ता, नागरिक समाजका सदस्यगण, हिमशिखाविद् र बाँध विशेषज्ञहरू समावेश गरेर उच्च स्तरीय तकनिकी समिति गठन गर्ने आग्रह गर्नु भएकोछ।

आवश्यक वस्तु जमाखोरी गर्नेहरू विरूद्ध कड़ा कारवाई गर्ने चेताउनी दिँदै उहाँले भन्नुभयो आरम्भिक शिकायत दर्ता गर्न रम्फू, सिङताम र मंगनमा गुनासो कक्षहरू स्थापना गरिनेछ। श्री तामङले बताउनु भए अनुसार आवश्यक वस्तुहरू ओसार्ने वाहनहरूको यातायात सुचारू भएको सुनिश्चित गर्न जिल्ला समिति गठन गरिनेछ अनि भोलिदेखि छांगु, बाबा मन्दिर, र नाथुला जस्ता पर्यटक क्षेत्रहरूका लागि अनुमति पत्र दिइनेछैन।

मुख्यमन्त्रीले भन्नुभयो राहत शिविरहरूमा आश्रय लिएका मानिसहरूलाई निशुल्क औषधि उपलब्ध गराइनेछ अनि जिल्लाधीशहरूले राहत शिवरहरू सुविधाजनक भएको सुनिश्चित गर्नेछन्। पाकिम, सिङताम र डिक्चुमा विजुली तथा जलापुर्ति लाइनहरू चाँड़ै चाँड़ै काम गर्न शुरू गर्ने जानकारी दिँदै उहाँले भन्नुभयो उडन्ते खबरहरू फैलिन नदिन र सही समाचार उपलब्ध गराउन मुख्य सचिवको कार्यालयबाट प्रत्येक साँझ प्रेस बयान जारी गरिनेछ।

## सिएस

यसैबीच टिस्टा नदीको प्रलयमा परेर ज्यान गुमाउनेहरूको संख्या अठार पुगेको छ। गान्तोकमा आज साँझ आयोजित पत्रकार सम्मेलनलाई सम्वोधन गर्दै मुख्य सचिव श्री विजय भूषण पाठकले भन्नुभयो- दुर्घटनामा परेर लापत्ता हुनेहरूमा तेइस जना सैन्य कर्मीहरू लगायत अन्ठानब्बेजना व्यक्तिहरू छन् भने घाइते हुनेहरूको संख्या छब्बीस भएको छ।

खोजी तथा उद्धार कार्य युद्धस्तरमा भइरहेको जानकारी दिँदै उहाँले भन्नुभयो लगभग तीन हजार पर्यटकहरू उत्तर सिक्किमको लाचेन लाचुङ क्षेत्रमा फँसेका छन्। यीमध्ये आठ सय जना वाहन चालक र एक सय पचासजना मोटर साइकल यात्रीहरू छन्। श्री पाठक अनुसार भोलि मौसम अनुकुल भएको खण्डमा फँसेका पर्यटकहरूलाई हेलीकप्टरमा मंगनसम्म ल्याएर त्यहाँबाट सड़क मार्ग हुँदै गान्तोक ल्याउने व्यवस्था गरिनेछ। उहाँले भारतीय सेनाको सताइस माउन्टेन डिभिजनले उनीहरूको खाने बस्ने व्यवस्था गरेको जानकारी दिनुभयो।

**गभर्नर**

राज्यपाल श्री लक्ष्मण प्रसाद आचार्यले आज दिँउसो बाढी प्रभावित क्षेत्र सिङतामको निरीक्षण गर्नुभयो। पिढित परिवार र क्षेत्रका जनतासित कुराकानी गर्दै राज्यपालले भन्नुभयो केन्द्र र राज्य सरकार मिलेर प्राकृतिक प्रकोपको स्थितिलाई चाँड़ै नै सामान्य बनाउन प्रयास गरी मानिसहरूलाई पुनः नयाँ जीवन दिइनेछ।

**एडुकेसनल इन्सटियुसन**

राज्यमा अहिलेको प्रतिकुल मौसमलाई ध्यानमा राखेर सबै सरकारी तथा निजी शैक्षिक संस्थानहरूलाई यसै महीना पन्ध्र तारीकसम्म छुट्टी दिइएको छ। शिक्षा विभागद्वारा जारी परिपत्रमा यस्तो आशयको जानकारी प्रदान गरिको छ।

**टुरिज्यम डिपाटमेन्ट एडभाइजरी**

पर्यटन तथा नागरिक उड्डयन विभागले सिक्किम भ्रमणमा आउन चाहने पर्यटकहरूलाई केहीदिनसम्मका लागि यात्राको योजनालाई स्थगित गर्ने परामर्श दिएको छ। आज जारी परामर्शमा विभागले मंगन जिल्लामा रोकिएका पर्यटकहरूलाई भयभीत नहुनु भनेको छ।

**रोड कन्डिसन**

टिस्टा नदीको जलस्तर अप्रत्याशित रूपमा पढ़ेर सिक्किम र पश्चिम बंगालका विभिन्न स्थानमा राष्ट्रिय मार्ग 10 पूर्ण रूपले बिच्छिन्न भएको अवस्थावीच आज सिक्किमको डुगा र पश्चिम बंगालको लाभा भएर केही सानावाहनहरू ओहोर दोहोर गरे। रम्फु स्थानीय ट्याक्सी चालक संघका स्ट्याणाड प्रभारी गोविन्द रोका अनुसार प्रतिकूल मौसम भए तापनि गान्तोक र सिलगढ़ीबीच कम संख्यामा वाहनहरू चले। श्री रोकाको भनाइमा सिङताम र रम्फूबीच डुगामा राष्ट्रिय राजमार्ग 10 अवरूद्ध भएको हुँदा सिलगढ़ी जाने वाहनहरू डुगा भएर रम्फु झर्दै अनि कालेबुङ जिल्लाको मन्सोङ भएर अलगढ़ा लाभा हुँदै डामकिम बाघपुल पुगेर सिलगढी अनि फर्किंदा पनि यसरी नै आए। गान्तोक र सिलगढीबीच आज सामान्य मेनलाइन ट्याक्सी भन्दा आवश्यक काम परेका अनि आपतकालीन सेवाका वाहनहरू मात्र चलेको बताइन्छ।

**भण्डारी जयन्ती**

राज्यपाल श्री लक्ष्मण प्रसाद आचार्य र मुख्यमन्त्री श्री प्रेमसिंह तामङले सिक्किमका पूर्व मुख्यमन्त्री स्वर्गीय नरबहादुर भण्डारीको तिरासिऔं जयन्तीमा उहाँप्रति श्रध्याञ्जली अर्पण गर्नुभएको छ। आफ्नो सन्देशमा राज्यपालले भन्नुभएको छ सिक्कमवासीहरूप्रति उहाँको समर्पणको भाव तथा उहाँले दिनुभएको सन्देश सिक्किम फर सिक्किमिज ले सबैलाई सिक्किमको विकास र समृद्धिका लागि जागरूक बनाउँछ।

मुख्यमन्त्रीले भन्नुभएको छ भण्डारी जयन्ती उत्सवको दिन मात्र होइन तर यो सिक्किम राज्यका लागि दूरदर्शी नेताको अतुलनीय योगदानको स्मरण गर्ने अवसर हो। उहाँले राज्यवासीलाई स्वर्गीय भण्डारीको सपनाको सिक्किम निर्माण गर्न एकजूट भएर काम गर्ने आह्वान गर्नुभएको छ।